# नेपाल खाद्य संस्थान
## खुला समावेशी पदपूर्ति सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०७५।१०।४

लोक सेवा आयोगको मिति २०७५।९।३० को निर्णयबाट सहमती प्राप्त भए वमोजिम पदपूर्ति समितिको मिति २०७५।१०।३ को निर्णय समेतका आधारमा यस संस्थानको स्वीकृत दरवन्दि अनुसार रिक्त रहेका देहायका पदहरुमा खुला /समावेशी खुला प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक उमेदवारहरुले रित पूर्वकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै लिखित परीक्षा लोक सेवा आयोगद्वारा लिईनेछ।

| क्र. स. | विज्ञापन नं | पद | तह | खुला र समावेशी | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता । | आवेदन फाराम तथा परिक्षा दस्तुर | समावेशी प्रत्येक समूहको थप दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०।२०७५।०७६ | वरिष्ठ अधिकृत (प्र.) | ७ | आ.ज. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उतिर्ण | १,०५०।- | ४००।- |
| २ | २१।२०७५।०७६ | अधिकृत (प्रशासन) | ६ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>अपाङ्ग | ६ (छ)<br>२(दुई)<br>१(एक)<br>१(एक)<br>१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतीर्ण । | १,०५०।- | ४००।- |
| ३ | २२।२०७५।०७६ | वरिष्ठ सहायक (प्रशासन) | ५ | खुला<br>आ.ज.<br>मधेशी<br>दलित<br>अपाङ्ग | ५ (पांच)<br>१ (एक)<br>१ (एक)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उतीर्ण । | ४५०।- | २००।- |
| ४ | २३।२०७५।०७६ | मील अपरेटर(प्रा.) | ५ | महिला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण । | ४५०।- | २००।- |
| ५ | २४।२०७५।०७६ | मील हेल्पर(प्रा.) | ४ | महिला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C./S.E.E.(कम्तिमा G.P.A.2.00)उतिर्ण गरी कम्तिमा ६ महिनाको मेकानिकल सम्वन्धी तालिम तथा २ वर्षको अनुभव । | ३५०।- | १५०।- |
| ६ | २५।२०७५।०७६ | सहायक (प्रशासन ) | ४ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित | १४(चौध)<br>२(दुई)<br>३(तीन)<br>३(तीन)<br>१(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C./S.E.E.(कम्तिमा G.P.A.2.00)उतिर्ण गरेको । | ३५०।- | १५०।- |

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक/सीप परीक्षण तथा अन्तरवार्ता ।

**परीक्षणकाल** : संस्थानको विनियमावली अनुसार हुनेछ ।

**परीक्षा केन्द्र** : काठमाण्डौं

**कामको किसिम** : नियूक्ति पत्रमा तोकेको बमोजिम हुनेछ ।

**दरखास्त फारम** : संस्थानको वेबसाईट www.nfc.com.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**दरखास्त बुझाउने ठाउँ :** संस्थानको प्रधान कार्यलय, भद्रकाली प्लाजा, काठमाण्डौं ।
**परिक्षा दस्तुर तथा फाराम दस्तुर बुझाउने बैंक :** राष्ट्रिय वाणिज्य वैंक, सिंहदरवार शाखा खाता नं. ११३०००००९१३०१
**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) (मिति २०७५।१०।४ देखि मिति २०७५।१०।२४ सम्म) दिन र दोव्वर दस्तुर तिरी अर्को ७ (सात) दिन भित्र दरखास्त बुझाउन सकिनेछ ।
**सम्पर्क मिति :** २०७५।११।१० **लिखित परीक्षाको कार्यक्रम :** सम्पर्क मितिमा प्रकाशित गरिनेछ ।
**तलब तथा अन्य सुविधा:** संस्थानको विनियमावली अनुसार हुनेछ । **काम गर्नु पर्ने स्थान :** उपत्यका वाहिर ।
**पाठचक्रम :** सवै तहको पाठचक्रम संस्थानको वेबसाईट www.nfc.com.np मा राखिएको छ ।

**<u>द्रष्टब्य :</u>**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु ( लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्र) अनुभव तथा नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि र परीक्षा दस्तुर बुझाएको सक्कल बैकं भौचर/ नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गर्नु पर्नेछ ।
ख) उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्म) : (१) वरिष्ठ अधिकृत तह ७ को लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको । (२)अधिकृत स्तर तह ६ को लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (३) सहायक स्तरको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
ग) दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा अनुभव प्रयोजनको लागि गणना गरिने छैन ।
घ) उम्मेदवार हुन भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि सरकारी वा कुनै संगठित संस्थानको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर नेपाली नागरिक हुनु हुदैन ।
ङ) विज्ञापन अनुसार प्रत्येक पदको लागि दरखास्त फारम छुट्टा छुट्टै हुनु पर्ने छ ।
च) म्याद नाघी वा रित् नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**<u>समावेशी तर्फका उमेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु :</u>**

समावेशी समूह तर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउंदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसंग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

क) आदिवासी / जनजातीको हकमा नेपाल आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको सूचिको आधारमा । तर सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थर भएमा सम्वन्धित स्थानीय तह /निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्लाा अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर पनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।
ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय तह /निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।
ग) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके वमोजिमको संस्थाबाट मेधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्वन्धीत स्थानीय तह /निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।
घ) अपाङ्गका हकमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता प्रमाणपत्र पेश गर्नु पर्ने छ ।
ङ) पिछडिएको क्षेत्रका हकमा संस्थानको विनियमावलीको उपविनियम(५) को स्पष्टीकरणको (१) मा उल्लेख भएका जिल्लमा स्थायी वसोवास उल्लेख गरि सम्वन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोहि स्थानमा स्थायी वसोवास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिनासम्मको सिफारिसको आधारमा ।
च) स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र पेश गर्नु पर्ने छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**